नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, चैत्र १४ गते, २०७४ साल (अतिरिक्ताङ्क ४७

भाग ५

नेपाल सरकार

गृह मन्त्रालयको सूचना

नेपाल सरकारले संवत् २०७५ साल वैशाख १ गतेदेखि २०७५ साल चैत मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालयहरुलाई देहाय बमोजिमको सार्वजनिक, पर्व एवम् सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेको छ :-

१. **वर्ष भरिका शनिवार बिदा** :

(क)	वैशाख- १,८,१५,२२,२९	(ख)	जेठ - ५,१२,१९,२६
(ग)	असार - २,९,१६,२३, ३०	(घ)	साउन - ५,१२,१९,२६
(ङ)	भदौ - २,९,१६,२३, ३०	(च)	असोज- ६,१३,२०,२७
(छ)	कात्तिक -३,१०,१७,२४	(ज)	मङ्सिर - १,८,१५,२२,२९
(झ)	पुष - ७,१४,२१,२८	(ञ)	माघ - ५,१२,१९,२६
(ट)	फागुन - ४,११,१८,२५	(ठ)	चैत - २,९,१६,२३, ३०

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हनेछ।

२. **पर्व बिदाहरुः**

२.१ मुलुक भरी सार्वजनिक विदा हुने पर्वहरुः

(क) नववर्ष, वैशाख १ गते शनिवार ।

(ख) महाशिवरात्री, फागुन २० गते सोमवार ।

(ग) फागुपूर्णिमा हिमाली पहाडी तथा भित्री मधेशका ५८ जिल्लामा चैत ६ गते बुधवार र देहायका जिल्लाहरुमा र चैत ७ गते बिहीवार ।

जिल्लाहरूको नाम

१.	मोरङ्ग	६.	धनुषा	११.	पर्सा	१६.	बाँके
२.	सुनसरी	७.	महोत्तरी	१२.	नवलपरासी (बर्दघाट सुस्तापश्चिम)	१७.	बर्दिया
३.	सप्तरी	८.	सर्लाही	१३.	रूपन्देही	१८.	कैलाली
४.	सिरहा	९.	रौतहट	१४.	कपिलवस्तु	१९.	कञ्चनपुर
५	उदयपुर	१०.	बारा	१५.	दाङ		

२.२. सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक विदा हुने पर्वहरुः

(क) किराँत राई, लिम्बू जातिको उभौली पर्व – चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), वैशाख १७ गते सोमबार ।

(ख) गौरा पर्व, भदौ १८ गते सोमबार ।

(ग) इस्लाम धर्मावलम्बीहरुको पर्व, ईद (इदुल्लफित्र) का दिन ।

(घ) छठ पर्व, कात्तिक २७ गते मंगलवार ।

(ङ) इस्लाम धर्मावलम्बीहरुको पर्व, बकर ईद (इदुलजोहा) का दिन ।

(च) किराँत जातिको उधौली पर्व, योमरी पुन्हि–ज्यापु दिवस (मङ्सिर पूर्णिमा, धान्य पूर्णिमा) पुष ७ गते शनिवार ।

(छ) इसाई धर्मावलम्बीहरुको पर्व क्रिसमस डे, (डिसेम्बर २५ तारिख) पुष १० गते मंगलवार ।

(ज) तमू ल्होसार, पुष १५ गते आइतबार ।

(झ) माघे सक्रान्ति एवम् माघी पर्व, माघ १ गते मंगलवार ।

(ञ) सोनम ल्होसार, माघ २२ गते मंगलवार ।

(ट) हिमाली आदिवासी शेर्पाहरुले मनाउने ग्याल्वो ल्होसार, फागुन २३ गते बिहीवार ।

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हनेछ।

(ठ) सिरूवापावनी पर्वका दिन त्यस्तो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी, सिरहा र सप्तरी जिल्लामा ।

(ड) धवथाम्वु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरुमा ।

३. **महिला कर्मचारीहरूको लागि मात्र :**

(क) हरितालिका (तीज), भदौ २७ गते बुधवार ।

(ख) जितिया पर्व, असोज १६ गते मंगलबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरुको लागि मात्र) ।

४. **शिक्षण संस्थाहरूको लागि मात्र :**

वसन्त पञ्चमी, माघ २७ गते आइतबार ।

५. **जात्रा बिदा (काठमाडौं उपत्यकालाई मात्र) :**

(क) गाईजात्रा, भदौ ११ गते सोमवार ।

(ख) इन्द्रजात्रा, असोज ८ गते सोमवार ।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा(सो जात्रा हुने दिन)

(घ) घोडेजात्रा, चैत २२ गते शुक्रवार ।

६. **दशैं बिदा :**

असोज ३० गते मंगलवारदेखि कात्तिक ३ गते शनिवारसम्म (फूलपातीदेखि एकादशीसम्म)

७. **तिहार बिदा :**

(क) लक्ष्मीपूजा, कात्तिक २१ गते बुधवार ।

(ख) गोवर्धन पूजा, म्हपूजा, नेपाल सम्वत्, कात्तिक २२ गते विहीवार ।

(ग) भाइटीका, कात्तिक २३ गते शुक्रवार ।

८. **दिवस बिदा :**

८.१ मुलुक भरी सवैलाई हुने सार्वजनिक दिवस विदाहरु :

(क) विश्व मजदुर दिवस, (मे १) वैशाख १८ गते मंगलवार ।

(ख) संविधान दिवस (राष्ट्रिय दिवस), असोज ३ गते बुधवार ।

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हनेछ।

(ग) अन्तर्राष्ट्रिय महिला दिवस, (मार्च ८) फागुन २४ गते शुक्रबार ।

८.२ अपाङ्गता भएका कर्मचारीहरूको लागि मात्र :

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, (डिसेम्बर ३) मङ्सिर १७ गते सोमबार (नेपालभित्रका सम्पूर्ण अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्र) ।

९. <u>जन्मजयन्ती बिदा</u> :

९.१ मुलुक भरी सवैलाई हुने सार्वजनिक जयन्ती बिदा:

बुद्ध जयन्ती, वैशाख १७ गते सोमबार ।

९.२ सम्बन्धित धर्मावलम्बीहरूका लागि मात्र :

(क) गुरू नानक जयन्ती, मङ्सिर ७ गते शुक्रबार (नेपाली शिख धर्मावलम्बी) ।

(ख) फागुनन्द जयन्ती, कात्तिक २५ गते आइतवार (किराँत धर्मावलम्बी) ।

१०. <u>राष्ट्रिय रुपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरू</u>:

(क) गणतन्त्र दिवस, जेठ १५ गते मंगलबार ।

(ख) निजामती सेवा दिवस, भदौ २२ गते शुक्रबार ।

(ग) राष्ट्रिय एकता दिवस, पुष २७ गते शुक्रबार ।

(घ) सहिद दिवस, माघ १६ गते बुधवार ।

(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते मंगलबार ।

(च) जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस, जेठ २१ गते सोमबार ।

११. विदेश स्थित नेपाली नियोगहरूले सम्बन्धित मुलुकका सार्वजनिक बिदाहरूलाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक बिदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने ।

१२. <u>सट्टा बिदा</u> :

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक आदि जस्ता निरन्तर र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरुले सार्वजनिक बिदाका दिनमा समेत कामकाज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयहरुमा दैनिक काम नरोकिने गरी सार्वजनिक बिदाका दिन काम गरे बापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा बिदा बस्न सक्ने ।

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हनेछ।

१३. **कार्यालय हाजिर हुने र छुट्ने समय :**

(क) नेपालका सबै सरकारी कार्यालयहरुमा शुक्रबार बाहेक माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म बिहान १०:०० बजे हाजिर भई अपरान्ह ५:०० बजे छुट्ने र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजे हाजिर भई अपरान्ह ४:०० बजे छुट्ने ।

(ख) शुक्रबारको दिन बिहान १०:०० बजे हाजिर भई अपरान्ह ३:०० बजे छुट्ने ।

द्रष्टव्य :

(क) "आधादिन" भन्नाले कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि दिनको १:०० बजे र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म दिनको १:३० बजेसम्म सम्झनु पर्छ ।

(ख) सेवाग्राहीलाई प्रदान गरिने सेवाप्रवाहमा असर नपर्ने गरी कार्यालय समयको १ बजेदेखि २ बजेसम्म खाजा खाने समय कायम गरिएको छ ।

आज्ञाले,
मोहनकृष्ण सापकोटा
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५ ।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।